REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs.    Date: 03.11.2025

## राज्यपाल माथुर भेट

आज नयाँ दिल्लीमा, सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले केन्द्रिय गृह तथा सहकारी मन्त्री अमित शाहसँग शिष्टाचार भेट गर्नुभयो। यस अवसरमा, राज्यपालले सिक्किम राज्यमा भइरहेका विभिन्न विकास गतिविधिहरूको बारेमा छलफल गर्नुभयो । यसअघि माथुरले केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डा र केन्द्रीय रक्षा मन्त्री राजनाथ सिंहलाई भेटेर सिक्किमसँग सम्बन्धित विभिन्न विषयमा छलफल गर्नुभयो।

## मैल्ली डेन्दाम रेलवे लाइन परियोजना

सिक्किममा प्रस्तावित मल्ली – देन्ताम रेलवे लाइन परियोजनाको अन्तिम स्थान सर्वेक्षणको लागि रेल मन्त्रालयले 48 करोड़ रूपैयाँ स्वाकृत गरेको छ। यो महत्वपूर्ण विनियोजनले सीमावर्ती रेलवे कनेक्टिभिटी विस्तार गर्ने दिशामा अर्को कदम चालेको संकेत गर्दछ।

## स्वच्छ भारत अभियान- ग्रामीणः उप्रेती

शहरी विकास तथा खाद्य तथा नागरिक आपूर्ति विभाग मन्त्री अरूण उप्रेतीले सिचेमा आज आयोजना गरिएको सिक्किम सरकारको ग्रामीण विकास विभाग अन्तर्गत स्वच्छ भारत अभियान- ग्रामीणको क्रममा ब्रान्ड एम्बेसडरहरूको लागि अनबोर्रडिङ र अभिमुखीकरण कार्यक्रममा भाग लिनुभयो।

उप्रेतीले जोड़ दिदै भन्नुभयो सिक्किमका प्रत्येक नागरिकले सिक्किमको छविलाई सफा र हरियो गन्तव्यको रूपमा कायम राख्नु आवश्यक छ किनकि पर्यटनले सिक्किमको अर्थतन्त्रमा प्रमुख

भूमिका खेल्छ। उहाँले नियमित निरीक्षण र जवाफदेहिता मार्फत सरसफाइ सुविधाहरू, राजमार्गहरू र सार्वजनिक मार्गहरू कायम राख्नु पर्ने आवश्यकतामा पनि जोड़ दिनुभयो।

<u>पाकिममा एनसीओआरडी बैठक</u>

नार्को समन्वय केन्द्र र नशा मुक्त भारत अभियान अन्तर्गत जिल्ला स्तरीय समितिको बैठक आज जिल्ला प्रशासनिक केन्द्र पाकिममा सम्पन्न भयो। पाकिमकी वरिष्ठ पुलिस अधीक्षक पारू रूचालको उपस्थितिमा पिकिमका अतिरिक्त जिल्ला पाल सांगे ग्यात्सो भुटियाको अध्यक्षतामा बैठक भएको थियो। चुरोट तथा अन्य सुर्तीजन्य पदार्थ ऐन को प्रावधान र विद्यार्थीहरूमा सुर्तीजन्य  पदार्थको प्रयोगलाई नियन्त्रण गर्न यसको भूमिकाबारे थप छलफल गरिएको थियो। विभिन्न विभागका अधिकारीहरूले आफ्नो क्षेत्राधिकार भित्र यी चिन्ताहरूलाई सम्बोधन गर्न आ- आफ्नो कार्य योजना पनि प्रस्तुत गरे।

<u>पाकिममा सतर्कता जागरूकता साता</u>

सार्वजनिक सेवामा निष्ठा र पारदर्शिता प्रवर्द्धन गर्ने उद्देश्यले जागरूकता कार्यक्रम र प्रतियोगिताहरूको श्रृंखलाको साथ पाकिमा विमानस्थलमा सतर्कता जागरूकता साता मनाइएको थियो।

यस उत्सवको एक भागको रूपमा, भारतीय विमानस्थल प्राधिकरणका कर्मचारीहरूका लागि निबन्ध लेखन, नारा लेखन र प्रश्नोत्तरी प्रतियोगिताहरू सहित विभिन्न प्रतियोगाताहरू आयोजना गरिएको थियो। कार्यक्रमहरू नैतिक आचरण र दैनिक कार्य अभ्यासहरूमा सतर्कताको महत्वको बारेमा जागरूकता बढाउनमा केन्द्रित थिए।

<u>सिक्किममा यातायात व्यवस्थापनमा जोड़ मन्त्री दाहाल र बस्नेतद्वारा रमहत्वपूर्ण सड़क निर्माण निरीक्षण</u>

स्थानीय यातायात व्यवस्थापनलाई सहज र सृदृढ बनाउने प्रयासमा सिक्किम सरकारले आफ्नो सक्रियता बढाएको छ। यसै क्रममा सड़क तथा पुल विभागका मन्त्री एनबी दाहाल र मन्त्री राजु बस्नेतले आज राज्यका महत्तवपूर्ण निर्माणाधीन सड़कहरूको स्थ्लगत निरीक्षण गरेका  छन् ।

मन्त्रीद्वयले सामदूर 6 माइलको ओरेन्ज भिलेज हुँदै जालीपुल बासिलाखा जोड़ने सड़क खण्डमा भइरहेको निर्माण कार्यको गुणस्तर र प्रगतिको निरिक्षण भ्रमण गरेका छन्। निरीक्षणका क्रममा मन्त्री दाहाल र बस्नेतले सड़क निर्माणको गुणस्तर, हालसम्मको प्रगति, स्थिति र कामको द्रुत गतिबारे विस्तृत जानकारी लिएका थिए। उनीहरूले सम्बन्धित ठेकेदार र विभागीय अधिकारीहरूलाई निर्माण कार्यलाई उच्च गुणस्तरीय बनाउन र तोकिएको समय सीमाभित्रै समपन्न गर्नका लागि कड़ा निर्देशन दिएका छन्।

<u>शर्मन काईसे भारत ,सरकारको पशुपालन तथा दुग्ध विकास विभागका सचिव नरेश पाल गंगवारसँग भेट गर्नुभयो।</u>

सिक्किम सरकारको पशुपालन तथा पशु चिकित्सा सेवा (AH&VS) विभागका सचिव शर्मन राईले आज नयाँ दिल्लीस्थित कृषि भवनमा भारत सरकारको पशुपालन तथा दुग्ध विकास विभागका सचिव नरेश पाल गंगवारसँग भेट गर्नुभयो। विभागका सचिव नरेश पाल गंगवारसँग भेट गर्नुभयो। भेटको क्रममा पशुधन विकास, पशु स्वास्थ्य पहलहरू र भारत सरकार र सिक्किम सरकार बीचको भविष्यको सहकार्यबारे छपफल गरियो। अन्तरक्रियाको उद्देश्य, समन्वयलाई सुदृढ पार्नु र सिक्किममा पशुपालन तथा दुग्ध विकासलाई अगाड़ि बढाउन नयाँ अवसरहरू खोज्यु थियो।